# पनौती नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या :६ मिति : २०८१/०४/०१

भाग-१

## पनौती नगरपालिकाको

## विनियोजन ऐन २०८१

पनौती नगरपालिका, काभ्रेपलाञ्चोक को आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको **विनियोजन ऐन २०८१**

**<u>प्रस्तावना :</u>** पनौती नगरपालिका, काभ्रेपलाञ्चोक २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप—धारा (२) बमोजिम पनौती नगरपालिका, काभ्रेपलाञ्चोकको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**(१) यस ऐनको नाम **"पनौती नगरपालिका, काभ्रेपलाञ्चोकको विनियोजन ऐन २०८१ "** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**(१)आर्थिक वर्ष २०८१/८२को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १,६०,००,००,०००.०० (अक्षेरुपी रुपैयाँ एक अर्ब साठी करोड मात्र ||)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :**(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२को निमित्त पनौती नगरपालिका, काभ्रेपलाञ्चोकको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न

सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

## पनौती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक

## कार्यालयको कोड : ८०३२६४०३३००

रु. हजारमा

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| आय | १,१७,८९,५८ | १,१५,८५,१४ | १,२३,६८,४७ |
| राजस्व | ५७,७९,३५ | ६०,८१,६२ | ६३,१३,२२ |
| आन्तरिक श्रोत | ४२,०१,४३ | ४०,७१,८४ | ४२,३८,६८ |
| ११३१३ सम्पती कर | १,४७,५४ | १,५०,०० | १,७५,०० |
| ११३१४ भुमिकर/मालपोत | १,७८ | २,०० | २,२० |
| ११३१७ वहाल कर | ६६,२५ | ५०,०० | ५५,०० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १ | १,०० | १,०० |
| ११६९१ अन्य कर | ३५,५०,८३ | ३५,३३,५१ | ३५,३४,६५ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २८,०६ | ३५,०० | ३५,०० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | ३०,९४ | ५०,०० | १,५०,०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ३१,७४ | ३५,०० | ३५,०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ९३ | २,०० | ३,५० |
| १४२४१ पार्किङ्ग शुल्क | ० | १,०० | १,०० |
| १४२४२ नक्सापास दस्तुर | १,०८,४८ | ३५,०० | ३८,५० |
| १४२४३ सिफारिश दस्तुर | ६९,२० | ६२,०० | ७५,०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ९० | ४,०० | ४,५३ |
| १४२४९ अन्य दस्तुर | ३५,३७ | ३५,०० | ५०,०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १३,५५ | २०,०० | २२,०० |
| १४६११ व्यवसाय कर | ३७,९५ | ४५,०० | ५०,०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १५,७७,९१ | २०,०९,७८ | २०,७४,५४ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ४,१९,०० | ५,००,०० | ५,००,०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५,८९,८९ | ७,००,०० | ८,६०,४१ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | २,२४,७५ | ४,०४,७८ | ३,१२,५८ |

| | | | |
|---|---|---|---|
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,३२,९४ | ३,९१,६१ | ३,९९,२२ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | २,०० | २,३२ |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | | १ | ० |
| १४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | | १ | ० |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ११,३२ | ११,३७ | ० |
| अन्य आय | ७७,८१ | ११,३३ | ६,३० |
| १४५२९ अन्य राजस्व | ५४,४० | १,३३ | ० |
| १५१११ बेरूजू | २३,४१ | १०,०० | ६,३० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ६०,१०,११ | ५४,६५,५२ | ६०,०५,२४ |
| संघीय सरकार | ५२,३२,९६ | ५०,९४,१२ | ५१,७३,९३ |
| १३३११ समानिकरण अनुदान | १४,८०,०० | १३,८६,०० | १४,१९,०० |
| १३३१२ शसर्त अनुदान चालु | ३६,२३,९६ | ३२,६८,१२ | ३२,६४,९३ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,२९,०० | ३,१५,०० | ३,९०,०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ७५,०० | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ५०,०० | १,००,०० |
| प्रदेश सरकार | ७,७७,१५ | ३,७१,४० | ८,३१,३१ |
| १३३११ समानिकरण अनुदान | १,५४,९९ | १,४६,१० | १,४५,३९ |
| १३३१२ शसर्त अनुदान चालु | ३,२२,१६ | १,८०,३० | २,१४,३२ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | | ४५,०० | १,०१,६० |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ० | ७०,०० |
| १३३१६ समपुरक अनुदान चालु | ३,००,०० | | |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ० | ३,००,०० |
| बैदेशिक | | | |
| जनसहभागिता | १२ | ३८,०० | ५०,०० |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | |
| व्यय | १,०७,५९,१२ | १,५०,०१,१२ | १,६०,००,०० |
| चालु | ६०,०६,०३ | ७६,०३,४२ | ७५,४९,८० |
| २११११ पारिश्रमिक कर्मचारी | ६,४६,३० | ६,९७,५० | ७,५०,०० |
| २११२१ पोशाक | ११,२० | १२,५० | १४,०० |
| २११२३ औषधीउपचार खर्च | १,३२ | २,०२ | २,०० |
| २११३१ स्थानीय भत्ता | ० | ७,२० | १०,८० |
| २११३२ महंगी भत्ता | २४,९९ | २४,०० | १८,०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ४,७१ | ४,२० | ४,८० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ० | २,०० | २,५० |
| २११३९ अन्य भत्ता | ६,२८ | ० | १,२० |
| २११४१ पदाधिकारी बैठक भत्ता | १८,२८ | २४,०० | २४,०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | १,०८,४८ | १,११,७२ | १,०८,४८ |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ० | ० | ४,८० |

| | | | |
|---|---|---|---|
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | २,४३ | ७,८० | ३,६० |
| २१२१४ कर्मचारी कल्याण कोष | १,००,०० | १,७५,०० | २,००,०० |
| २२१११ पानी तथा बिजुली | ४,६८ | ६,०० | ९,४२ |
| २२११२ संचार महसुल | ४,६८ | ६,०० | ७,८० |
| २२२११ इन्धन (पदाधिकारी) | १२,९० | १२,०० | १२,०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ३०,०० | २६,४० | २४,०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ३३,०० | २९,७० | २७,०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ५,८५ | १०,०० | १०,०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३,५३ | ४,०० | ४,०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ३२ | ३,०० | ३,०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | १०,०० | १०,०० | १०,०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | १,०४ | १,०० | १,०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ५,०० | ५,०० | ५,१० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २०,०० | २४,०० | १२,०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ९,०७ | १६,०० | १५,०० |
| २२४११ सेवा र परामर्श खर्च | ४,६२ | १०,०० | १२,०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ० | २,०० | २,०० |
| २२४१३ करार सेवा शुल्क | २९,०२ | ५२,८० | ३४,१२ |
| २२४१४ सरसफाईसेवा शुल्क | ५९,२१ | ६०,०० | ६०,०० |
| २२४१९ अन्य सेवा शुल्क | ० | ६,०० | १२,९६ |
| २२५११ कर्मचारी तालिम खर्च | ० | २,६० | ९,०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ० | २,७६ | २,७५ |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ० | ० | ६,०० |
| २२५२२ कार्यक्रम खर्च | ४१,०४,८२ | ५०,५३,५२ | ५१,५१,९५ |
| २२५२९ विविध कार्यक्रम खर्च | ० | ५२,५० | ४०,०० |
| २२६१२ भ्रमण खर्च | १०,५२ | १२,०० | १२,०० |
| २२७११ विविध खर्च | ३०,०० | २३,१० | २४,०० |
| २२७२१ सभा सञ्चालन खर्च | ११,४८ | १५,०० | १५,०० |
| २४२११ आन्तरिक ऋणको ब्याज | ७७,३७ | ३,००,०० | १,८१,०० |
| २५२२२ वित्तीय व्यवसायहरूलाई पूँजीगत सहायता | ० | ० | ४,०० |
| २५३१५ अन्य सस्था सहायता | ५,०० | ५,०० | ५,०० |
| २६४११ सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | १,४४,०० | १,३२,०० | १,२०,०० |
| २७१११ सामाजिक सुरक्षा | ४८,०० | ५४,०० | ५४,०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | २३ | ५,०० | ५,०० |

| | | | |
|---|---|---|---|
| २७२१९ अन्य सामाजिक सहायता | ६,७१ | ७,५० | ७,५० |
| २८१४२ घरभाडा | १,९२ | १,८० | ३,०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ५,०० | ३,०० | ३,०० |
| २८१४९ अन्य भाडा | ० | १,०० | १,०० |
| २८२११ राजस्व फिर्ता | ४,०३,९६ | ५,५०,०० | ४,५०,०० |
| २८९११ भैपरी आउने चालु खर्च | ० | ३०,८० | ५०,०० |
| पूंजीगत | ४७,२३,०९ | ७३,६७,७० | ८३,२०,२० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३,११,०० | ३,८५,०० | ८,७६,६५ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ० | २०,०० | २,००,०० |
| ३११२१ सवारी साधन | ० | १५,०० | १,७५,०० |
| ३११२२ मेशिनरी तथा औजार | २०,३५ | ३५,०० | २०,०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १२,९४ | ३०,०० | २०,०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ३,६९ | ५०,०० | ५५,०० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ० | १,५०,०० | ३,५०,०० |
| ३११५१ सडक तथा पूल निर्माण | ३०,९१,३२ | ३४,३३,०० | ३६,८०,५७ |
| ३११५३ विद्युत संरचना निर्माण | ० | १५,०० | १०,०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ३३,३३ | १६,०० | ४३,०० |
| ३११५६ खानेपानी संरचना निर्माण | १,८२,८० | ३,२०,०० | ३,३७,५५ |
| ३११५८ सरसफाई संरचना निर्माण | ९,२९ | ५७,७० | २९,९३ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ८,०८,२५ | २३,११,०० | २२,१२,५० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | २,५०,०७ | १,५०,०० | १,००,०० |
| ३१४११ जग्गाप्राप्ति खर्च | ० | ३,००,०० | १,६०,०० |
| ३१५११ भैपरी आउने पूँजीगत | ० | ८०,०० | ५०,०० |
| वित्तीय | ३०,०० | ३०,०० | १,३०,०० |
| ३३१४७ अन्य संस्थाहरूबाट ऋण प्राप्ति साँवा भुक्तानी | ३०,०० | ३०,०० | १,३०,०० |
| बजेट बचत (+)/न्यून | १०,३०,४५ | (३४,१५,९८) | (३६,३१,५२) |
| गत वर्षको नगद मौज्दात | | ३४,१५,९८ | ३६,३१,५२ |

**आज्ञाले**

**प्रमाणीकरण मिति : २०८१/०३/३१**

**राम प्रसाद आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**

*सर्वाधिकार : पनौती नगरपालिका* *मुद्रित : ३०० प्रति* *मुद्रण : न्यू पनौती प्रिन्टिङ प्रेस*